# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ५८) काठमाडौं, माघ २८ गते, २०६५ साल (अतिरिक्ताङ्क ४७

## भाग २

## नेपाल सरकार

## कानून, न्याय तथा संविधानसभा व्यवस्था मन्त्रालय

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८८ को उपधारा (१) बमोजिम राष्ट्रपतिबाट जारी भएको तल लेखिए बमोजिको अध्यादेश सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

संवत् २०६५ सालको अध्यादेश नं. ३

### सार्वजनिक सेवालाई समावेशी बनाउनको लागि केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश

**प्रस्तावना:** सार्वजनिक सेवामा सबै समुदाय, क्षेत्र तथा व्यक्तिको यथासम्भव सहभागिता गराई त्यस्तो सेवालाई समावेशी बनाउन प्रचलित कानूनमा तत्काल संशोधन गर्न आवश्यक भएको र हाल व्यवस्थापिका-संसदको अधिवेशन नभएकोले,

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८८ को उपधारा (१) बमोजिम राष्ट्रपतिबाट यो अध्यादेश जारी भएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस अध्यादेशको नाम "सार्वजनिक सेवालाई समावेशी बनाउने सम्बन्धमा केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०६५" रहेको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) यो अध्यादेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. **प्रहरी ऐन, २०१२ मा दफा ९क. थप:** प्रहरी ऐन, २०१२ को दफा ९ पछि देहायको दफा ९क. थपिएको छ :-

"९क. **नियुक्ति समावेशी गरिने:** (१) दफा ९ बमोजिम प्रहरी कर्मचारी नियुक्ति गर्दा खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने पदमध्ये पैंतालीस प्रतिशत पद छुट्याई सो प्रतिशतलाई शतप्रतिशत मानी देहाय बमोजिमका उम्मेदवार बीचमा मात्र छुट्टाछुट्टै प्रतिस्पर्धा गराई नियुक्ति गरिनेछ :-

| | | |
|---|---|---|
| (क) | महिला | - बीस प्रतिशत |
| (ख) | आदिवासी/जनजाति | - बत्तीस प्रतिशत |
| (ग) | मधेशी | - अठ्ठाईस प्रतिशत |
| (घ) | दलित | - पन्ध्र प्रतिशत |
| (ङ) | पिछडिएको क्षेत्र | - पाँच प्रतिशत |

**स्पष्टीकरण:** यस दफाको प्रयोजनको लागि,-

(१) "महिला, आदिवासी/जनजाति, मधेशी र दलित" भन्नाले आर्थिक र सामाजिक रुपमा पछाडि परेका महिला, आदिवासी/जनजाति, मधेशी र दलित सम्झनु पर्छ ।

(२) "पिछडिएको क्षेत्र" भन्नाले अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ्ग, बाजुरा, मुगु र हुम्ला जिल्ला सम्झनु पर्छ ।

(२) उपदफा (१) बमोजिम हुने नियुक्ति तथा प्रकृया सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ । "

३. **विकास समिति ऐन, २०१३ मा दफा ६क. थप:** विकास समिति ऐन, २०१३ को दफा ६ पछि देहायको दफा ६क. थपिएको छ :-

"६क. **नियुक्ति समावेशी गरिने:** (१) दफा ६ बमोजिम समितिका कर्मचारी नियुक्ति गर्दा खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने पदमध्ये पैंतालीस प्रतिशत पद छुट्याई सो प्रतिशतलाई शतप्रतिशत मानी देहाय बमोजिमका उम्मेदवार बीचमा मात्र छुट्टाछुट्टै प्रतिस्पर्धा गराई नियुक्ति गरिनेछ : -

| | | |
|---|---|---|
| (क) | महिला | - तेत्तीस प्रतिशत |
| (ख) | आदिवासी/जनजाति | - सत्ताइस प्रतिशत |
| (ग) | मधेशी | - बाइस प्रतिशत |

1322



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | |
|---|---|---|
| (घ) | दलित | - नौ प्रतिशत |
| (ङ) | अपाङ्ग | - पाँच प्रतिशत |
| (च) | पिछडिएको क्षेत्र | - चार प्रतिशत |

**स्पष्टीकरण:** यस दफाको प्रयोजनको लागि,-

(१) "महिला, आदिवासी/जनजाति, मधेशी र दलित" भन्नाले आर्थिक र सामाजिक रुपमा पछाडि परेका महिला, आदिवासी/जनजाति, मधेशी र दलित सम्झनु पर्छ ।

(२) "पिछडिएको क्षेत्र" भन्नाले अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ्ग, बाजुरा, मुगु र हुम्ला जिल्ला सम्झनु पर्छ ।

(२) उपदफा (१) बमोजिम हुने नियुक्ति तथा प्रकृया सम्बन्धी अन्य व्यवस्था समितिले बनाउने नियममा व्यवस्था भए बमोजिम हुनेछ ।"

४. **शिक्षा ऐन, २०२८ मा दफा १६ड. थप:** शिक्षा ऐन, २०२८ को दफा १६ठ. पछि देहायको दफा १६ड. थपिएको छ :-

"**१६ड. नियुक्ति समावेशी गरिने** : (१) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम सामुदायिक विद्यालयमा शिक्षक तथा कर्मचारी नियुक्ति गर्दा खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने पदमध्ये पैंतालीस प्रतिशत पद छुट्याई सो प्रतिशतलाई शतप्रतिशत मानी देहाय बमोजिमका उम्मेदवार बीचमा मात्र छुट्टाछुट्टै प्रतिस्पर्धा गराई नियुक्ति गरिनेछ :-

| | | |
|---|---|---|
| (क) | महिला | - तेत्तीस प्रतिशत |
| (ख) | आदिवासी/जनजाति | - सत्ताइस प्रतिशत |
| (ग) | मधेशी | - बाइस प्रतिशत |
| (घ) | दलित | - नौ प्रतिशत |
| (ङ) | अपाङ्ग | - पाँच प्रतिशत |
| (च) | पिछडिएको क्षेत्र | - चार प्रतिशत |

**स्पष्टीकरण:** यस दफाको प्रयोजनको लागि,-

(१) "महिला, आदिवासी/जनजाति, मधेशी र दलित" भन्नाले आर्थिक र सामाजिक रुपमा पछाडि परेका महिला, आदिवासी/जनजाति, मधेशी र दलित सम्झनु पर्छ ।

132 (२) "पिछडिएको क्षेत्र" भन्नाले अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ्ग, बाजुरा, मुगु र हुम्ला जिल्ला सम्झनु पर्छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (१) बमोजिम हुने नियुक्ति तथा प्रकृया सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।"

५. **नेपाल विशेष सेवा ऐन, २०४२ मा दफा ६क. थप:** नेपाल विशेष सेवा ऐन, २०४२ को दफा ६ पछि देहायको दफा ६क. थपिएको छ :-

"६क. **नियुक्ति समावेशी गरिने:** (१) दफा ६ बमोजिम सेवाको कर्मचारी नियुक्ति गर्दा खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने पदमध्ये पैंतालीस प्रतिशत पद छुट्याई सो प्रतिशतलाई शतप्रतिशत मानी देहाय बमोजिमका उम्मेदवार बीचमा मात्र छुट्टाछुट्टै प्रतिस्पर्धा गराई नियुक्ति गरिनेछ :-

| | | |
|---|---|---|
| (क) | महिला | - तेत्तीस प्रतिशत |
| (ख) | आदिवासी/जनजाति | - सत्ताईस प्रतिशत |
| (ग) | मधेशी | - बाइस प्रतिशत |
| (घ) | दलित | - नौ प्रतिशत |
| (ङ) | अपाङ्ग | - पाँच प्रतिशत |
| (च) | पिछडिएको क्षेत्र | - चार प्रतिशत |

**स्पष्टीकरण:** यस दफाको प्रयोजनको लागि,-

(१) "महिला, आदिवासी/जनजाति, मधेशी र दलित" भन्नाले आर्थिक र सामाजिक रुपमा पछाडि परेका महिला, आदिवासी/जनजाति, मधेशी र दलित सम्झनु पर्छ।

(२) "पिछडिएको क्षेत्र" भन्नाले अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ्ग, बाजुरा, मुगु र हुम्ला जिल्ला सम्झनु पर्छ।

(२) उपदफा (१) बमोजिम हुने नियुक्ति तथा प्रकृया सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।"

६. **स्वास्थ्य सेवा ऐन, २०५३, मा दफा ८ग. थप:** स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ८ख. पछि देहायको दफा ८ग. थपिएको छ :-

"८ग. **नियुक्ति समावेशी गरिने** (१) दफा ८ बमोजिम कर्मचारी पदपूर्ति गर्दा खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने पदमध्ये पैंतालीस प्रतिशत पद छुट्याई सो प्रतिशतलाई शतप्रतिशत मानी देहाय बमोजिमका उम्मेदवार बीचमा मात्र छुट्टाछुट्टै प्रतिस्पर्धा गराई नियुक्ति गरिनेछ :-

1323

1324

| | | |
|---|---|---|
| (क) | महिला | - तेत्तीस प्रतिशत |
| (ख) | आदिवासी/जनजाति | - सत्ताइस प्रतिशत |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) मधेशी - बाइस प्रतिशत
(घ) दलित - नौ प्रतिशत
(ङ) अपाङ्ग - पाँच प्रतिशत
(च) पिछडिएको क्षेत्र - चार प्रतिशत

**स्पष्टीकरण:** यस दफाको प्रयोजनको लागि,-

(१) "महिला, आदिवासी/जनजाति, मधेशी र दलित" भन्नाले आर्थिक र सामाजिक रुपमा पछाडि परेका महिला, आदिवासी/जनजाति, मधेशी र दलित सम्झनु पर्छ ।

(२) "पिछडिएको क्षेत्र" भन्नाले अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ्ग, बाजुरा, मुगु र हुम्ला जिल्ला सम्झनु पर्छ ।

(२) उपदफा (१) बमोजिम हुने नियुक्ति तथा प्रकृया सम्वन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।"

७. **सशस्त्र प्रहरी ऐन, २०५८ मा दफा १०क. थप:** सशस्त्र प्रहरी ऐन, २०५८ को दफा १० पछि देहायको दफा १०क. थपिएको छ :-

"**१०क. नियुक्ति समावेशी गरिने:** (१) दफा १० बमोजिम सशस्त्र प्रहरीको सेवामा नियुक्ति गर्दा खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने पदमध्ये पैंतालीस प्रतिशत पद छुट्याई सो प्रतिशतलाई शतप्रतिशत मानी देहाय बमोजिमका उम्मेदवार बीचमा मात्र छुट्टाछुट्टै प्रतिस्पर्धा गराई नियुक्ति गरिनेछ : -

(क) महिला - बीस प्रतिशत
(ख) आदिवासी/जनजाति - बत्तीस प्रतिशत
(ग) मधेशी - अठ्ठाईस प्रतिशत
(घ) दलित - पन्ध्र प्रतिशत
(ङ) पिछडिएको क्षेत्र - पाँच प्रतिशत

**स्पष्टीकरण:** यस दफाको प्रयोजनको लागि,-

(१) "महिला, आदिवासी/जनजाति, मधेशी र दलित" भन्नाले आर्थिक र सामाजिक रुपमा पछाडि परेका महिला, आदिवासी/जनजाति, मधेशी र दलित सम्झनु पर्छ ।

1325 (२) "पिछडिएको क्षेत्र" भन्नाले अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ्ग, बाजुरा, मुगु र हुम्ला जिल्ला सम्झनु पर्छ ।

(२) उपदफा (१) बमोजिम हुने नियुक्ति तथा प्रकृया सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।"

८. **सैनिक ऐन, २०६३ मा दफा १२क. थप:** सैनिक ऐन, २०६३ को दफा १२ पछि देहायको दफा १२क. थपिएको छ :-

"१२क. **नियुक्ति समावेशी गरिने:** (१) दफा १२ बमोजिम नेपाली सेनाको पदमा नियुक्ति गर्दा खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने पदमध्ये पैंतालीस प्रतिशत पद छुट्याई सो प्रतिशतलाई शतप्रतिशत मानी देहाय बमोजिमका उम्मेदवार बीचमा मात्र छुट्टाछुट्टै प्रतिस्पर्धा गराई नियुक्ति गरिनेछ : -

| | | |
|---|---|---|
| (क) | महिला | - बीस प्रतिशत |
| (ख) | आदिवासी/जनजाति | - बत्तीस प्रतिशत |
| (ग) | मधेशी | - अठ्ठाईस प्रतिशत |
| (घ) | दलित | - पन्ध्र प्रतिशत |
| (ङ) | पिछडिएको क्षेत्र | - पाँच प्रतिशत |

**स्पष्टीकरण:** यस दफाको प्रयोजनको लागि,-

(१) "महिला, आदिवासी/जनजाति, मधेशी र दलित" भन्नाले आर्थिक र सामाजिक रुपमा पछाडि परेका महिला, आदिवासी/जनजाति, मधेशी र दलित सम्झनु पर्छ।

(२) "पिछडिएको क्षेत्र" भन्नाले अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ्ग, बाजुरा, मुगु र हुम्ला जिल्ला सम्झनु पर्छ।

(२) उपदफा (१) बमोजिम हुने नियुक्ति तथा प्रकृया सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।"

**प्रमाणीकरण मिति : २०६५।१०।२८**

1326

**आज्ञाले,**
**राजुमान सिंह मल्ल**
**नेपाल सरकारको निमित्त सचिव**



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।